# नेपाल बार एशोसिएशन (नेबाए)
# Nepal Bar Association (NBA)

नेपाल बार एशोसिएशन केन्द्रीय कार्यकारिणी परिषद्को
५१ औं बैठकसमक्ष २७ औं केन्द्रीय कार्यसमितिकोतर्फबाट नेबाए महासचिवद्वारा प्रस्तुत

# कार्यसमितिको प्रतिबेदन

२०८२ साल मङ्सिर २५, जनकपुरधाम, धनुषा, मधेश प्रदेश ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव

**नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यकारिणी परिषद्को ५१ औं बैठकको अध्यक्षता गरीरहनु भएका**
**नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजयप्रसाद मिश्रज्यू,**
**कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु,**
**पूर्व अध्यक्षज्यू तथा पदाधिकारीज्यूहरु,**
**वरिष्ठ अधिवक्ताज्यूहरु,**
**नेपाल कानून व्यवसायी परिषद्का पार्षद्ज्यूहरु,**
**सबै बार एकाईका अध्यक्षज्यूहरु, सचिवज्यूहरु तथा पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, केन्द्रीय पार्षद्ज्यूहरु**
**र**
**यस केन्द्रीय कार्यकारिणी परिषद्को ५१ औं बैठकमा आसिन सम्पूर्ण कानून व्यवसायी मित्रहरु ।**

सर्वप्रथमत: हामी नेपाल बार एशोसिएशनको स्थापना गर्नुहुने देबनाथ बर्मालगायतका संस्थापकज्यूहरुलाई यस महत्वपूर्ण बैठकमा स्मरण गर्न चाहन्छौं । यस एशोसिएशनको मुख्य उद्देश्य **स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकार** रक्षाका लागि दृढतापूर्वक आफ्नो काम, कारवाही अगाडी बढाउनु हाम्रो प्रमुख कर्तव्य र दायित्व मानी अगाडी बढीरहेका छौं । साथै, कानून व्यवसायमा संलग्न सम्पूर्ण कानून व्यवसायीहरुको क्षमता अभिवृद्धि एवम् सामाजिक सुरक्षा समेत महत्वपूर्ण दायित्वको रुपमा रहेको छ ।

गत वर्षको अन्त्यमा सम्पन्न नेबाएको निर्वाचनमा प्रकाशित भएको घोषणा-पत्रमार्फत प्रतिवद्धता जाहेर गरेको विषयहरु मात्र नभई सामयिक विषयहरुका सम्बन्धमा समेत हाम्रो दृष्टिकोणहरु स्वतन्त्र न्यायपालिकाको रक्षाका लागि अपरिहार्य बनेको छ ।

आज नेबाए केन्द्रीय कार्यकारिणी परिषद्को ५१ औं बैठकको सिलसिलामा नेपालको ऐतिहासिक एवम् महत्वपूर्ण स्थान राजर्षि जनक, सितामाताको पुण्य भूमी मिथिलानगरी धनुषाधाम, जनकपुरमा रहेका छौं । नेपाल बार एशोसिएसनको केन्द्रीय कार्यसमितिको मिति २०८१ साल चैत २३ गते, शनिबारका दिन सम्पन्न निर्वाचन पश्चात मिति २०८२ बैशाख ६ गते वर्तमान कार्यसमितिले पदभार ग्रहण गरी यस कार्यसमतिले आफ्नो कार्यभार सम्हालेको आज लगभग ७ महिना १९ दिन पुरा भएको छ । हामीले पदभार ग्रहण गर्नासाथ नेबाएको घोषित उद्देश्य प्राप्तिका लागि निरन्तर क्रियाशील रही आएका छौं ।

नेपाल बार एशोसिएशनको २७ औं केन्द्रीय कार्यसमितिको निर्वाचन सफलतापूर्वक सुसम्पन्न गर्नु भएकोमा प्रमुख निर्वाचन अधिकृतज्यू, निर्वाचन अधिकृतज्यूहरु, स्थानीय निर्वाचन समिति, वरिष्ठ अधिवक्ताज्यूहरु, सम्पूर्ण कानून व्यवसायी साथीहरु, नेबाएका कर्मचारी मित्रहरु तथा सम्पूर्ण महानुभावहरुप्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यस कार्यसमितीलाई आफ्नो अमूल्य मत प्रदान गरी नेबाएको तीन बर्षे जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण कानून व्यवसायी मित्रहरुमा यस २७ औं केन्द्रीय कार्यसमितीकोतर्फबाट पुनः हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै स्वतन्त्र सक्षम र उत्तरदायी न्यायपालिका, विधिको शासन, मानव अधिकारको रक्षा र न्यायमा सहज पहुँच, कानून व्यवसायीहरुको हक-हित र सुरक्षाप्रति प्रतिवद्ध रहँदै आएको कुरा सर्वविदितै छ । स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाका लागि न्यायाधीशको नियुक्ति पनि योग्य, क्षमतावान, सक्षम र असल आचरणको हुनुपर्छ भन्ने कुरामा हामी दृढ छौं । यसका लागि न्याय परिषद्को भूमीका यसको उद्देश्य अनुरुप प्रभावकारी हुन नसकेको तीतो यथार्थ हामी माझ रहेको छ ।

नेपाल बार एशोसिएशनको मिति २०८२ साउन ३० र ३१ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकको निर्णयबमोजिम अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २०२५) को अवसरमा प्रत्येक वर्ष आयोजना हुने मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी यसै नगरीमा **"मानव अधिकारः सुशासन र न्यायको आधार"** भन्ने मूल नाराकासाथ हिजो अर्थात् २०८२ मङ्सिर २४ गतेका दिन सम्माननीय प्रधान न्यायाधीशज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

न्यायपालिकाको शुद्धिकरण तथा सुदृढीकरण सम्बन्धमा अदालतको आफ्नै प्रतिबेदन कार्यान्वयनको विषयलाई लिएर यस कार्यसमितिले पदभार ग्रहण गरेका दिनदेखि नै निरन्तर न्यायपालिकाको नेतृत्वसँग सम्बादमा रही आइरहेकै अवस्थामा सम्बत् २०८२ भदौ २३ गतेका दिन सुशासनको माग राखी नव युवा पुस्ताबाट भएको प्रदर्शनी पछि घटनाक्रमले नयाँ मोड लियो । सुरक्षकर्मीको गोलीबाट २२ जना व्यक्तिले ज्यान गुमाउनु परे पछिको विकसित घटनाक्रम र भदौ २४ गते भएको तोडफोड, लुटपाट र आगजनीमा आम नागरिकहरुको आस्थाको धरोहरको रुपमा रहेको सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालतहरु लगायत २३ वटा अदालत र नेपाल बार एशोसिएन केन्द्रीय कार्यालय भवन एवम् ११ वटा बार एकाईका भवनहरुमा क्षति भएको छ ।

यसैगरी काठमाडौं उपत्यकामा तीनवटा ल फर्म र उपत्यका बाहिर १२ वटा ल फर्महरुमा आगजनी, तोडफोड र लुटफाट भएको छ । काठमाडौं उपत्यकामा विभिन्न स्थानमा कानून व्यवसायीहरुको निजी निवास पूर्ण रुपमा आगजनीबाट क्षति भएको, ६ वटा सवारी साधन आगजनी भई नष्ट भएको छ भने नेबाएको एउटा सवारी साधन कार्यलय परिसरमै आगजनी गरी पूर्ण रुपमा नष्ट गरिएको छ ।

पाँच वटा जिल्ला कानूनी सहायता समितिको कार्यालय र नेपाल कानून व्यवसायी परिषद्को गण्डकी सम्पर्क कार्यालय समेतमा क्षति पुगेको जानकारी गराउँदछौं । प्रदर्शनकै क्रममा कानूनी व्यवसायी हरिहर सिलवाल घाईते भई वीर अस्पतालमा उपचार भई निको भएको बेहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं । नेबाएबाट घाईते कानून व्यवसायीलाई सहयोग गरी क्षतिग्रस्त निजी निवास एवम् ल फर्महरुको नेबाए कार्यसमितिबाट अवलोकन गरी क्षतिको विवरण सङ्कलन गरिएको जानकारी गराउँदछौं । साथै नेबाए भवनको भुइतलामा रहेको सर्वोच्च अदालत बारको कार्यालय पूर्ण रुपमा जली नष्ट भएको छ । भौतिक क्षतिको विवरण मुचुल्का गरी राखिएको बेहोरा अनुरोध छ ।

प्रदर्शनका क्रममा ज्यान गुमाउनेहरुप्रति नेबाएले भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै परिवारजनप्रति हार्दिक समवेबदना ब्यक्त गरी घाइतेहरुको उपचारको उचित प्रवन्धका लागि निरन्तर खबरदारी गरीरहेको छ । घाईतेहरु उपचाररत रहनु भएको अस्पतालमा गई उहाँहरुको स्वास्थ्य अवस्थाका बारेमा समेत जानकारी लिने कार्य गरेका थियौं । देशभरीकै बार एकाईहरु समेतको सहभागितामा प्रदर्शनका क्रममा ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै ***देश बचाउँ, संविधान जोगाऊँ*** भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रमहरु समेत सम्पन्न भएका छन ।

अदालतमा भएका ऐतिहासिक कागजात, मुद्दाका मिसिल कागजातहरु नष्ट भएका छन् । यो अपुरणीय क्षतिलाई कसरी परीपूर्ती गर्न सकिन्छ ? कसरी दिगो शान्ति बहाल गर्न सकिन्छ ? यसमा कानून व्यवसायीको भूमिका

**के हुन सक्छ ? लगायतका विषयमा यस महत्वपूर्ण केन्द्रीय कार्यकारीणी परिषद्को बैठकले मार्ग निर्देश गर्छ भन्ने हामीले विश्वास लिएका छौं ।**

**यस गरिमामय ५१ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकसमक्ष नेपाल बार एशोसिएसनको २७ औं केन्द्रीय कार्यसमितिले कार्यभार सम्हाले पश्चात सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु यहाँहरुको जानकारी तथा अनुमोदनका लागि यस गरिमामय बैठक समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

# न्यायपालिकाप्रतिको जनआस्था अभिबृद्धि सम्बन्धमा

**नियमित अन्तरक्रिया एवम् ध्यानाकर्षण :-**

**न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणका लागि पहरेदारको रुपमा रहेको यस एशोसिएशनको २७ औं केन्द्रीय कार्यसमिति न्याय परिषद्, सर्वोच्च अदालत, महान्यायाधीवक्ताको कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयसँग नियमित अन्तर सम्बादमा रहेको बेहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं । न्याय परिषद्बाट सम्पादन हुने कार्यक्रमहरुका सम्बन्धमा र सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिसका सम्बन्धमा २०८२ भदौ २१ गतेका दिन न्याय परिषद्का सदस्य माननीय श्री दामोदर खड्का र माननीय श्री महेशकुमार नेपालसँग नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिका पदाधिकारी/सदस्यहरु र उपत्यका बार एकाईका अध्यक्ष र सचिव बीचमा अन्तरसंवाद सम्पन्न भएको जानकारी गराउँदछौं ।**

**केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको मिति २०८२ जेठ १२ मा सम्पन्न बैठकमा नेबाएकोतर्फबाट अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजयप्रसाद मिश्रज्यूद्वारा प्रस्तुत अवधारणापत्रको मुख्य मुख्य बुँदाहरु यस सम्मानित बैठक समक्ष यहाँहरु सबैको जानकारीको लागि पेश गरिएको छ ।**

- सर्वोच्च अदालत लगायतका सबै अदालतको पत्रचार एवम् फैसलामा नेपाल सम्वत् समेत उल्लेख हुनुपर्ने ।
- कानूनमा दश जोड दुई उत्तिर्ण गरेकालाई मात्र न्याय सेवातर्फको नायब सुब्बामा प्रतिस्पर्धा गर्न दिने गरी नियमावली संशोधन गरी अविलम्ब कार्यान्वयन गर्नुपर्ने ।
- अदालतमा अभियोग-पत्र दायर भई म्याद जारी गर्ने अवस्था पुगी सकेको प्रतिवादीलाई अनुसन्धान अवस्थाको पुरानो पक्राउ पूर्जी सक्रिय गरी पक्राउ गर्ने प्रवृत्ति बढेकोले सोको अन्त्य गर्नुपर्ने ।
- अभियुक्तको म्याद थप वा पक्राउ पूर्जी जारी गर्ने कार्यलाई यान्त्रिक र प्रशासनिक प्रकृतिको कार्यको रुपमा नलिई बहस पैरवी समेतलाई विचार गरी न्यायिक तवरबाट निरुपण गरी निकास दिनुपर्ने ।
- अभियानमा चढेका मुद्दामा पेशी हटाउनै नपाउने अभ्यासले पक्षको कानूनी प्रतिरक्षा गर्न पाउन संवैधानिक हक प्रचलनमा असर पुऱ्याउने हुँदा कम्तीमा ७ दिनको अर्को पेशी तोक्ने गरी पेशी हटाउने व्यवस्था थाल्नु पर्ने ।
- मुद्दा दर्ता प्रक्रियाका जटिलता, दर्ताधिकारीको अन्य समितिको बैठक लगायतको कार्यमा हुने संलग्नताले प्रतिक्षा गरी बस्नुपर्ने न्याय आकांक्षीको समय व्यतित भैरहेको अवस्था र दर्ता कार्यमै तथ्य प्रमाणको जाँचबुझ गरी दरपीठ गर्ने कार्यको शीघ्र अन्त्य गरी न्याय मार्ग सहज र सुपथ तुल्याउनुपर्ने ।
- बन्दीप्रत्यक्षीकरण निबेदन जस्तो संवेदनशील विषयमा समेत निबेदन दरपीठ भई इजलाससमक्ष बेरीतको आदेश उपरको निवेदन प्रस्तुत हुँदा पालो आउन धेरै समय लागी पक्षहरुलाई मर्का परी रहेको ।
- वरिष्ठ अधिवक्ताले बहस गर्दा सहयोगी अधिवक्ता उपस्थित गराउनुपर्ने नियमावलीको व्यवस्था कार्यान्वयन गराउन नेबाएले आफ्ना सदस्यहरुलाई सूचित गरिसकेको परिप्रेक्षमा सो व्यवस्था कार्यान्वयनार्थ न्याय प्रशासनबाट आवश्यक सहयोग गरी सो व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- म्याद तामेल प्रक्रियामा दर्ता लगत्तै पक्षलाई मिति तोकी तामेल्दारसहित विपक्षीको घर ठेगानामा लाने प्रबन्ध गर्नुपर्ने ।

- फौजदारी मुद्दामा प्रयोगशालाको प्रतिबेदन समयमा प्राप्त नहुँदा मुद्दा प्रक्रिया जटिल हुँदै गएको र शव परीक्षण प्रतिवेदनमा समेत मृत्युको कारण नखुलाई 'पेण्डिङ' जनिने गरेको र पछि खुली आउने कारणमा पक्षले वयान गर्न नपाउने अवस्था परी समस्या थप जटिल हुँदै गएको ।
- मुद्दा दोहोऱ्याई पाऊँ भनी परेको निवेदन उपरको सुनुवाई संयुक्त इजलासबाटै हुनुपर्ने र न्यायमुखी हुनुपर्ने ।
- जबरजस्ती करणी प्रकृतिको मुद्दामा पीडितको शरीर जाँच गरी उमेरसमेत पहिल्यै मेडिकल बोर्डबाट यकिन गरी अभियोग-पत्र साथ प्रस्तुत गर्नुपर्ने ।
- लागू औषध प्रकृतिको मुद्दामा प्रतिवादी कारोवारी हो वा दूर्व्यसनी हो भन्ने कुरा यकिन गर्न अभियोग-पत्रसाथ मेडिकल जाँच प्रतिवेदन पेश गर्नुपर्ने ।
- विवाह दर्ता पश्चात नवदम्पत्तिले तस्वीर खिच्न पाउने गरी अदालतको नाम नेपाली र अंग्रेजीमा लेखिएको र दर्ता विवाह अर्थात् कोर्ट म्यारिज लेखिएको एउटा छुट्टै बाहिरी आकर्षक कक्ष अदालतमा हुनुपर्ने र सोको व्यवस्था काठमाडौं जिल्ला अदालतबाट गरी अन्य अदालतमा विस्तार गर्दै जानुपर्ने ।

**मुद्दा व्यवस्थापन समितिको बैठकमा नेबाएका अध्यक्षज्यूले सहभागिता जनाई सेवाग्राही मैत्री वातावरणको लागि पहल गरिएको र हाल थुनुवाको वेरीतको आदेश बदर गरी पाऊँ भन्ने निवेदन र थुनुवाको मुद्दाको पेशी चढाउने कार्य प्राथमिकताकासाथ सम्पन्न गर्न अनुरोध गरिएको छ । बैठकमा प्रस्तुत विषयहरु मध्ये केही विषयहरुको संबोधन भई कार्य प्रारम्भ भएको बेहोरा सादर अनुरोध गर्दछौं ।**

**<u>न्यायाधीश नियुक्ति र न्याय परिषद् नियमावली संशोधन सम्बन्धमा</u> :-**

**स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका लोकतन्त्रको आधार स्तम्भ हो भन्ने कुरामा नेपाल बार एशोसिएशन सदैव विश्वास गर्दछ । न्यायपालिकाको साख र गरिमा अभिवृद्धि गर्न न्यायाधीश नियुक्ति प्रक्रिया स्वच्छ, पारदर्शी र निष्पक्ष हुनुपर्दछ भन्ने हाम्रो अविचलित मान्यता रहँदै आएको सर्वविदितै छ । तर, पछिल्लो समय न्याय परिषद्ले गरेको न्याय परिषद् नियमावली, २०७४ को प्रथम संशोधनले न्यायाधीश नियुक्ति र सोपानमा विभेद गरेको छ । सो संसोधित नियमवाली संविधान विपरित रहेको हुँदा खारेज गर्नुपर्ने विषयमा नेबाएको अडान यथावत रही आएकोमा संशोधित व्यवस्था खारेज भएको बेहोरा जानकारी गराउँदछौं ।**

**न्याय परिषद्ले पद रिक्त हुनुभन्दा एक महिना अगावै न्यायाधीश पदमा सिफारीस गर्नुपर्ने र नियुक्तिलाई समानुपातिक, समावेशी बनाउनुपर्ने संवैधानिक बाध्यतालाई आफ्नो रुची अनुसार प्रयोग गर्दै आएको गुनासोको सम्बोधन हुन सकेको छैन । संविधान संरक्षण गर्ने, न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने निकायले नै संविधानको पालना गर्नुपर्ने कर्तव्य पालनातर्फ सम्बन्धित निकायको उचीत ध्यान पुग्न नसकेको प्रष्टै देखिन्छ । यसले समग्र न्यायपालिकाको जनआस्था अभिवृद्धि एवम् विश्वासमा क्षयीकरण हुँदै जानेतर्फ ध्यानाकर्षण गरेका छौं ।**

**नेपाल बार एशोसिएशन, यसका राष्ट्रिय सम्मेलनहरू, केन्द्रीय तथा सल्लाहकार समितिका बैठकहरूले पटक-पटक न्यायाधीश नियुक्तिमा कानून व्यवसायीहरूको समान र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न र न्याय परिषद् नियमावलीमा गरिएको असंवैधानिक संशोधन तुरुन्त खारेज गर्न जोडदार माग गर्दै आएको छ । सो संशोधनले न्यायाधीशहरूबीच विभेद सिर्जना गरी वरीयता क्रममा अन्यायपूर्ण फेरबदल गरेको छ, जुन सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित समानताको सिद्धान्त विपरीत समेत रहेको छ ।**

**न्याय परिषद्ले उच्च अदालतका न्यायाधीशहरूको नियुक्तिमा कानून व्यवसायीहरूलाई रिक्त पदमा कम्तीमा ५० प्रतिशतको संख्यामा नियुक्तिको सुनिश्चितता गर्नुपर्ने हाम्रो लामो समयदेखिको माग रही आएको छ । विगतमा भएका नियुक्तिहरूमा समेत यस कुरालाई नजरअन्दाज गरिएकोप्रति असहमती प्रकट गरी जनआस्था अभिवद्धिमा नेपाल**

नेपाल बार एशोसिएशन Nepal Bar Association

बार एशोसिएशनले अल्पकालिन रुपमा तत्कालका लागि देहाय बमोजिमको सुझाउ पेश गरीएको जानकारी गराउँदछौं ।

१. न्याय परिषद् नियमावली, २०७४ मा गरिएको पहिलो संशोधन, जसले लामो समयदेखि सेवा गरी आएका न्यायाधीशहरूको वरीयता क्रममा फेरबदल गरेको छ, तुरुन्त खारेज गरियोस् । यो संशोधन फिर्ता नभएसम्म कुनै पनि तहमा न्यायाधीश नियुक्ति प्रक्रिया अघि नबढाइयोस् ।

२. सर्वोच्च अदालत तथा उच्च अदालतहरूमा रिक्त न्यायाधीश पदहरूमा नियुक्ति गर्दा रिक्त पदमा कम्तीमा ५० प्रतिशतको संख्यामा कानून व्यवसायीहरूबाट प्रतिनिधित्व हुने गरी सम्मानजनक र निष्पक्ष नियुक्ति गरियोस् ।

३. न्यायाधीश नियुक्ति प्रक्रियालाई वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारीता, निष्पक्षता, पेशागत निष्ठा तथा नैतिक आचरण समेतलाई आधार बनाइयोस् । साथै न्यायाधीशको सरुवा क्रममा समेत निष्पक्षता अपनाइयोस् ।

उल्लिखित विषयमा न्यायपालिकाको नेतृत्व समक्ष मिति २०८२ साउन १९ गतेका दिन ज्ञापन पत्र प्रस्तुत गरिएको जानकारी गराउँदछौं ।

**<u>न्यायपालिका भित्र देखिएका चुनौती तथा नेबाएले खेल्नु पर्ने भूमिका</u> :–**

नेपाल बार एशोसिएशनका विगतका राष्ट्रिय सम्मेलन र कार्यकारिणी परिषद् बैठकबाट पारित निर्णय, विभिन्न सम्मेलनहरुबाट जारी घोषणा–पत्र एवम् नेबाए कार्यसमितिका पूर्व अध्यक्षज्यूहरू र महासचिवज्यूहरूसँग भएका विभिन्न बैठक र परामर्श समग्र न्यायपालिकाको जन आस्था अभिवृद्धिका लागि तत्कालका लागि न्यायपालिकाबाट संबोधन हुनुपर्ने विषयहरु यहाँहरुको जानकारीका लागि यहाँ प्रस्तुत गरिएको छ ।

- न्यायालयभित्र देखिएका विसंगति विकृतिसम्वन्धी प्रतिवेदनलाई पूर्ण रूपमा लागू गर्ने गरी फूलकोर्टबाट स्पष्ट निर्णय भई त्यसलाई अन्तिम रूप प्रदान गरिनु पर्ने ।
- नेबाएले आयोजना गरेको गौरवपूर्ण १०९ दिनको आन्दोलनको बलमा सर्वोच्च अदालतमा गोला प्रथाबाट पेशी निर्धारण हुँदै आएको छ । हाल उक्त गोला प्रथाले काम गर्दैन भन्ने जुन भाष्य सृजना गर्न खोजिएको छ त्यसले विकृति, विसंगतिको डरलाग्दो चुनौती निम्त्याउने निश्चित नै छ ।
- नेबाएको माग बमोजिम संवैधानिक इजलास गठनको सम्वन्धमा न्याय परिषद्ले तोकेका रोष्टरभित्रका माननीय न्यायाधीशहरुको वरिष्ठताक्रम अनुसार गर्ने अभ्यास भएकोमा पुनः वरिष्ठता वा गोला बेगर छनौटपूर्ण अभ्यास शुरु भएकोले नेबाएको गम्भीर ध्यानाकर्षण भएको छ ।
- सर्वोच्च अदालतमा मुद्दाको चाप (Backlog) हटाउनको लागि यसको क्षेत्राधिकारमा पुनरावलोकन हुन आवश्यक रहेको छ । संवैधानिक विषयवस्तु, संविधानको व्याख्या, देवानी र फौजदारी विषयवस्तुको गम्भीर मुद्दाहरू मात्र सर्वोच्च अदालतमा प्रवेश पाउनु पर्दछ । सर्वोच्च अदालतलाई अन्तिम अदालतको रूपमा स्थापित गर्नु पर्दछ ।
- अदालतको क्षेत्राधिकारलाई पुनरावलोकन गरी न्याय प्रशासन ऐन, २०७३ मा समसामयिक संशोधन गरिनुपर्दछ । यस सम्बन्धमा नेबाएको विगतका राष्ट्रिय सम्मेलनले अंगीकार गरेको एजेण्डाले कार्यान्वियनमा अग्रस्थान सुरक्षित गरेपछि मात्र सुधार सम्भव हुने देखिन्छ ।
- प्रदेश भित्रको स्थानीय तहहरू बीचको बिवाद र प्रदेश कानून बाझिएको भन्ने विवाद उक्त प्रदेशको उच्च अदालतलाई नै अन्तिम अदालतको रूपमा तोकिनु पर्दछ । जसले गर्दा सर्वोच्च अदालतमा मुद्दाको चाप कमी हुन्छ ।

**<u>कार्यविधिगत विषयहरु</u> :–**

- सर्वोच्च अदालतमा अन्तरिम आदेश भएको मुद्दाहरूमा सोही दिन आदेश उपलव्ध गराउनु पर्ने ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

- सेवाग्राहीले एकै दिनमा रिट निवेदन दर्ता गर्न नसक्ने, दरपिठ अत्याधिक हुने र अन्तरिम आदेश र बन्दीप्रत्यक्षीकरणको आदेश समेत एकै दिन तयार नभई सेवाग्राहीलाई परेको समस्याको तत्काल सम्बोधन गरिनु पर्ने ।
- मुद्दा दर्तामा भएको झन्झट र ढिलाईलाई सेवाग्राहीमैत्री बनाइनु पर्ने ।

यस विषयका सम्बन्धमा यहाँहरुबाट थप राय, सल्लाह र सुझावको समेत अपेक्षा गरिएको छ ।

**बृहत् शान्ति ऱ्याली :-**

नव युवाको प्रर्दशन पछिका घटनाहरुमा सुरक्षा निकाय खास गरी नेपाल प्रहरीको मनोबल खस्कने गरी भएका हर्कतहरुप्रति सरकार गम्भीर हुनका लागि आव्हान गर्दै आवेश, आक्रोस र अराजकताले हत्या, हिंसा र प्रतिहिंसाको दुश्चक्र निम्त्याउँने हुँदा दिगो शान्ति बहालीका लागि संविधान दिवस (२०८२ असोज ३ गते) को अवसर पारी शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) मार्फत बृहत् शान्ति ऱ्याली आयोजना गरिएको थियो ।

# संस्थागत विकासका सम्बन्धमा

**केन्द्रीय कार्यालयको सचिवालय गठन :-**

नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) को परिच्छेद– ७, दफा ३९ बमोजमको केन्द्रीय कार्यालयको सचिवालय गठन गरिएको जानकारी गराउँदछौं । नेबाए केन्द्रीय कार्यसमितिको सचिवालयमा बिधान अनुसार नेबाए महासचिवको संयोजकत्वमा नेबाएका कोषाध्यक्ष पदेन सदस्य रहने गरी केन्द्रीय कार्यसमिति सदस्यहरु श्री दमनबहादुर चन्द, श्री डा. मुकुन्द अधिकारी र श्री रंजिता कार्कीलाई मनोनयन गरी नेबाएका उद्देश्य बमोजिमका कार्यहरु तथा दैनिक प्रशासनिक कार्यहरु सम्पादन गरिदै आएको बेहोरा यस बैठक समक्ष जानकारी गराउन चाहन्छौं ।

नेबाएको बिधान अनुसार महासचिवले दैनिक सञ्चालन गर्नुपर्ने कार्यहरु सञ्चालनका लागि सहजीकरण र सहयोग गर्नका लागि केन्द्रीय कार्यसमिति सदस्य अधिवक्ता श्री बाबुराम अर्याललाई केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार नेबाएको सचिव पदमा मनोनित गरिएको समेत जानकारी गराउँदछौं ।

**राष्ट्रिय परामर्श बैठक :-**

स्वतन्त्र न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानव अधिकार नेपाल बार एशोसिएशनका मूलभूत मूल्य–मान्यताहरु हुन । स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिकाका लागि नेबाए निरन्तर क्रियाशील रही आएको सर्वविदितै छ । यसै परिप्रेक्षमा न्यायपालिकाको शुद्धीकरण, सुदृढीकरण र जनआस्था अभिबृद्धिको निमित्त नेपाल बार एशोसिएनको भावी भूमीका तय गर्नका लागि सम्पूर्ण बार एकाईहरुका अध्यक्षज्यू/सचिवज्यू तथा पदाधिकारीज्यू, नेबाएका पूर्व पदाधिकारीज्यूहरुहरुसँगको अन्तरक्रियात्मक राष्ट्रिय परामर्श बैठक सम्बत् २०८२ भदौ २१ गते काठमाडौंमा अत्यन्त उत्साहपूर्वक रुपमा सम्पन्न भएको बेहोरा यस केन्द्रीय कार्यकारिणी परिषद्को बैठक समक्ष जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ । बैठकबाट प्राप्त निष्कर्ष तथा निर्देशनको प्रतिवेदन तयार भई क्रमशः कार्यान्वयन गर्न नेबाए क्रियाशील रही आएको बेहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

**वरिष्ठ अधिवक्ताको उपाधि :-**

वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६ अनुसार वरिष्ठ अधिवक्ताको उपाधिबाट विभूषित गरिँदा मापदण्डमा तोकिएको समयावधि भित्र पुनरावेदन तहमा बहस पैरवी गरेको फैसलालाई समेत आधार बनाई उपाधि वितरण गरिनुपर्ने भनी सर्वोच्च अदालत समक्ष ध्यानाकर्षण गराइएको छ । सूचनाको प्रक्रियाद्वारा वरिष्ठ अधिवक्ताको उपाधी प्राप्त गर्न अनिच्छुकको हकमा बेग्लै प्रक्रियाद्वारा उपाधि प्रदान गर्न समेत ध्यानाकर्षण गराइएको बेहोरा यस सम्मानित बैठक समक्ष गराउँदछौं ।

**निःशुल्क कानूनी सहायता :-**

असहाय पक्षलाई प्रदान गरिँदै आएको कानूनी सहायताको सेवालाई निरन्तरता दिँदै निःशुल्क कानूनी सेवा प्रवाह भइरहेको छ । परामर्शपश्चात् पीडित व्यक्तिहरूका लागि आवश्यक पर्ने कानूनी उपचार प्रदान गर्नका लागि यस एशोसिएशनमा आवद्ध जिल्ला तथा उच्च अदालत बार एकाइहरूमार्फत निःशुल्क कानूनी सहायता प्रदान गर्नका लागि सिफारिस गरी उक्त सेवा प्रदान गरिदैं आएको छ । यस कार्यमा सबै बार एकाइहरुको महत्वपूर्ण भूमीका रहेको हुँदा आवद्ध बार एकाईमार्फत यस कार्यमा संलग्न हुनु हुने सबै कानून व्यवसायीज्यूहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं । साथै उक्त कार्यमा आफूबाट समेत योगदान गर्न ईच्छुक कानून व्यवसायीज्यूहरुलाई आवद्ध बारसँग एकाकार हुन र अभिलेखीकरण गर्त समेत अनुरोध गर्न चाहन्छौं ।

**समिति गठन :-**

नेपाल बार एशोसिएशनको बैठकले नेबाएको विधान, २०४८ (संशोधन सहित) तथा बिनियम बमोजिम कानून व्यवसायीको हक, हित, क्षमता अभिवृद्धि लगायतका उद्देश्यहरु परिपूर्ति गर्न नेबाए केन्द्रीय कार्यसमितिले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहे बमोजिम समितिको विषयवस्तु र कार्य क्षेत्र समेतसँग मिल्दो शैक्षिक विज्ञता, विषयगत अनुभव र, मिल्दो-जुल्दो क्षमता भएका कानून व्यवसायीहरुको नाम समेत सङ्कलन गरी छलफल पश्चात विभिन्न समितिहरु गठन हुने क्रममा रहेका छन् । गठन भएका समितिहरु जानकारीका लागि नेपाल बार एशोसिएशनको आधिकारिक फेसबुक पेजमार्फत सार्वजनिक भई रहेको जानकारी गराउँदछौं ।

विषयगत समितिहरु तर्जुमाधिन अवस्थामा रहेका छन् । हामी यस बैठकमार्फतबाट पनि विषयगत समितिमा रही नेबाएको उद्देश्य प्राप्तिका लागि योगदान दिनका लागि सम्पूर्ण कानून व्यवसायीज्यूहरुसमक्ष आव्हान गर्दछौं । निर्माणाधिन समितिमा रहनका लागि नेबाए सचिवालयमा सम्पर्क गर्न सकिने बेहोरा समेत जानकारी गराउँदछौं ।

**रोष्टर स्थापना :-**

नेपाल बार एशोसिएशनले विभिन्न विषयविज्ञहरूको सूची (Roster) तयार गर्ने कार्यको प्रारम्भ गरेको छ । बार एकाईमा परामर्श/छलफल गरी सूचीमा रहनका लागि विवरण (बायोडाटा) रहने गरी उपलब्ध गराईदिनुहुनका लागि हार्दिक अनुरोध गरी सकिएको जानकारी गराउँदछौं । फेसबुक पेजमार्फत गुगल फर्म समेत प्रकाशित छ । विषयविज्ञको सूचीमा रहनका लागि नेबाए सचिवालयमा सम्पर्क गर्नका लागि सादर अनुरोध गर्दछौं ।

**कानून व्यवसायीज्यूहरुको बीमा/सामाजिक सुरक्षा :-**

कानून व्यवसायीको कल्याण, सामुहिक विमा तथा सामाजिक सुरक्षा प्रत्याभूतीका लागि अध्ययन गरी आवश्यक कार्य समेत अगाडि बढाउनका लागि नेबाएका उपाध्यक्ष अधिवक्ता श्री तेज बहादुर रावल र कोषाध्यक्ष व.अ. श्री जगत बहादुर कार्की सम्मिलित अध्ययन समिति गठन भई कार्य भईरहेको बेहोरा यस सम्मानित बैठक समक्ष पेश गर्न चाहन्छौं । यसै क्रममा कानून व्यवसायीज्यूहरुलाई सामाजिक सुरक्षा कोषसँग आवद्ध गराउनका लागि मिति २०८२ साउन ११ गते नेबाए र सामाजिक सुरक्षा कोषबीच सहमति भई कार्य भईरहेको छ । सहमति गर्नु अघि विभिन्न

नेपाल बार एशोसिएशन Nepal Bar Association

क्षेत्रमा कानून व्यवसायीज्यूहरुसँग अन्तरक्रियात्मक कार्यक्रमहरु समेत सम्पन्न भएका थिए । आगामी दिनमा समेत यस्ता कार्यहरु निरन्तर हुनेछन् ।

| क्र.सं. | विषय | कार्यक्रम आयोजक | कार्यक्रम आयोजना मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कोषका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | सामाजिक सुरक्षा कोष | २०८२ वैशाख २२ गते । | गण्डकी प्रदेशका बार एकाइका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह सचिव सम्मिलित । |
| २ | सामाजिक सुरक्षा कोषका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | | २०८२ जेठ ७ गते । | कोशी प्रदेशका बार एकाइका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह सचिव सम्मिलित । |
| ३ | सामाजिक सुरक्षा कोषसँग सम्झौता | | २०८२ साउन ११ गते । | काठमाडौं । |
| ४ | सामाजिक सुरक्षा कोषका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | | २०८२ भाद्र ६ गते । | सूदुर पश्चिम प्रदेश, धनगढी कैलाली । |

सामाजिक सुरक्षा कोषसँग भएको सहमति अनुसार सबै जना कानून व्यवसायीज्यूहरु कोषमा आवद्धता जनाई स्वास्थ्य उपचार समेतबाट फाइदा लिनुहुनका लागि हामी यस सम्मानित बैठकमार्फत आव्हान गर्न चाहन्छौं ।

**कार्यविधि :-**

नेपाल बार एशोसिएशनको सभा, बैठकको कार्यविधि तथा सञ्चालन विधि तर्जुमा लगायतका आन्तरिक कार्यविधि तर्जुमा गर्ने सम्बन्धमा यस एशोसिएशनको मिति २०८२ जेठ ३० मा बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार नेबाएका उपाध्यक्ष अधिवक्ता श्री अजय शंकर झाको संयोजकत्वमा ने.बा.ए. केन्द्रीय सदस्य श्री माधव मैनाली सदस्य सचिव रहने गरी आन्तरिक कार्यविधि निर्देशिका मस्यौदा समिति गठन भई कार्य भईरहेको बेहोरा जानकारी गराउन चाहन्छौं । यस कार्यका लागि समेत यहाँहरुको सुझावको अपेक्षा गरिएको छ ।

**अन्तर्राष्ट्रिय कार्यक्रममा नेबाएको सहभागिता :-**

**भारतः**

The Bar Association of India को आयोजनामा 2nd New Delhi International Rule of Law Convention 2025, New Delhi, India मा 30-31 August, 2025 (२०८२ भदौ १४ देखि १५) मा आयोजित कार्यक्रममा यस एशोसिएशनबाट अध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिव समेत १३० जना नेपाली कानून व्यवसायीहरुको सक्रिय सहभागिता रहेको थियो ।

**भियतनामः**

**38th LAWASIA Annual Conference मा सहभागिता र नेपालको न्यायपालिका एवं नेपाल बारको भवन जलाइएको घटना अन्तर्राष्ट्रिय समुदाय समक्ष जानकारी एवम् लएशियाको नेपाल बार प्रति ऐक्यबद्दता प्रस्ताव पारित ।**

अक्टुबर ११-१३, २०२५ मा ल एशियाको ३८औं अन्तर्राष्ट्रिय सम्मेलन भियतनामको हनोईमा सम्पन्न भयो । अर्को सम्मेलन २०२६ सेप्टेम्बरमा सियोल, दक्षिण कोरियामा सम्पन्न हुनेछ । भियतनाम सम्मेलनमा नेपाल बार एशोसिएशनको अध्यक्ष व.अ.प्रा.डा. विजयप्रसाद मिश्र सहभागी भई सर्वोच्च अदालत, नेपाल बार एशोसिएशनको एवम् सर्वोच्च अदालत मातहतको अदालत एवम् बार एकाई भवनहरु जेनजी प्रदर्शनको क्रममा जलाइएको घटना आफ्नो मन्तव्य र काउन्सिल बैठकमा जानकारी गराउनु भयो । विश्वका दर्जनौ बारहरुको प्रतिनिधित्व रहेको लएशिया काउन्सिल बैठकले यो विषयमा विस्तृत छलफल गरी कानूनको शासन, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र कानून

व्यवसायको उपर आउने जुनसुकै प्रकारको चुनौती सामना गर्न र संकटको यस घडीमा नेपाल बारले स्थिति सामान्यीकरणको लागि चाल्ने कदममा लएशियाको ऐक्यबद्दता र सहयोग रहने प्रस्ताव पारित गरेको जानकारी यस सम्मानित बैठक समक्ष गराउन चाहन्छौं ।

यसै क्रममा नेबाए अध्यक्षज्यूले नेपालको वर्तमान न्यायपालिका र बारको अवस्था बारेमा आई.बी.ए. अध्यक्षलाई छुट्टै भेट गरी जानकारी गराउनु भयो । साथै ३५ वर्ष मुनिका कानून व्यवसायीहरुलाई आई.बी.ए. सम्मेलनमा सहभागी हुन उपलब्ध गराइने छात्रवृत्ति नेपालका कानून व्यवसायीलाई प्रदान गर्न आग्रह गर्नुभयो । त्यसमा अध्यक्ष जेमीले काम गर्ने जानकारी दिनुभएको जानकारी गराउँदछौं ।

नेपालबाट नेबाएका अध्यक्ष व.अ. प्रा.डा. मिश्रकासाथै प्यानलिष्ट, स्पिकर, मुटकोर्ट जज सहभागी लगायत भूमिकामा सहभागि हुनु हुने कानून व्यवसायीहरु व.अ. डा. मुक्तिनारायण प्रधान, व.अ. डा. दिनमणि पोखरेल, व.अ. डा. चन्द्रकान्त ज्ञवाली, बारा जिल्ला अदालत बारका अध्यक्ष उमेश जयसवाल र सदस्य अधिवक्ता श्री ओमप्रकाश केशरी, अधिवक्ता श्री प्रभातचन्द्र दाहाल हुनुहुन्थ्यो भने अन्य सहभागीहरुमा अधिवक्ता श्री दिपक श्रेष्ठ, अधिवक्ता श्री मिराज श्रेष्ठ, अधिवक्ता श्री आशिष श्रेष्ठ, अधिवक्ता श्री दिक्षा शाक्य, अधिवक्ता श्री सुमित्रा थापा, अधिवक्ता श्री स्वदेश प्रधान र अधिवक्ता श्री सविन पोखरेल समेत रहनु भएको थियो ।

**जापानः**

LAWASIA को आयोजनामा 29-30 August 2025 मा जापानमा आयोजित Data Protection Laws on the Move in the Asia-Pacific Region कार्यक्रममा नेबाए केन्द्रीय कार्यसमिति सदस्य अधिवक्ता श्री शारदा गुरुङ समेत १२ जना नेपाली कानून व्यवसायीले सक्रियताकासाथ सहभागिता जनाउनु भएको जानकारी गराउँदछौं ।

**चीनः**

नेबाएका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजयप्रसाद मिश्रले चाइन ल सोसाइटीको निमन्त्रणामा चीनमा आयोजित कानून सम्बन्धी सेमीनारमा मिति २०८२ कार्तिक ११ देखि १५ सम्म सहभागिता जनाउनु भयो ।

**नेबाएकोतर्फबाट विभिन्न देशका कार्यक्रमहरुमा सहभागिता जनाउँदा सहभागी स्वय् आफैले खर्चको व्यवस्थापन गर्नु भएको हुँदा नेबाएलाई कुनै आर्थिक ब्ययभार नपरेको जानकारी गराउँदछौं ।**

**सदस्यता नविकरण :-**

IBA र LAWASIA को सदस्यता नविकरणः नेपाल बार एशोसिएशनको सदस्यता निर्दिष्ट समयमा नै नविकरण हुने व्यवस्था मिलाईएको यस बैठक समक्ष जानकारी गराउन चाहन्छौं ।

**नेपाल बार एशोसिएशनको भवनका सम्बन्धमा :-**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७ असोज १२ गतेको निर्णयानुसार सिंहदरवार परिसरको गुरुयोजना अनुसार सम्मानित श्री सर्वोच्च अदालत, नेपाल बार एशोसिएशन लगायतको वर्तमान भवन रहेको स्थान परिवर्तन गर्नुपर्ने जिम्मेवारी त छँदै थियो । २०८२ भदौ २४ गतेका दिन प्रदर्शनको नाममा यस एशोसिएशनको भवन समेत आगलागीबाट क्षति भएको छ । शहरी विकास तथा भवन विभागले प्राविधिक परीक्षणको प्रतिवेदन पछि मात्र भवन प्रयोग गर्न मिल्ने/नमिल्नेको निर्क्योल हुनुपर्ने हुँदा विभिन्न चरणको प्राविधिक परीक्षणका कार्यहरु भइरहेका छन् । अतः सर्वोच्च अदालत परिसरभित्रै वा सन्निकट नेपाल बार एशोसिएशनले जग्गा प्राप्तीका लागि पहल गरी रहेको बेहोरा यस सम्मानित बैठक समक्ष गराउन चाहन्छौं । यस कार्यका लागि नेपाल बार एशोसिएनका केन्द्रीय कार्यसमितिका

उपाध्यक्ष अधिवक्ता श्री तेजबहादुर रावलको संयोजकत्वमा कोषाध्यक्ष व.अ. श्री जगतबहादुर कार्की समेत रहनुभएको समिति गठन भई कार्य भईरहेको छ ।

**मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी (सन् २०२५ डिसेम्बर १०) :-**

डिसेम्बर १० का दिन प्रत्येक वर्ष आयोजना हुने मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी केन्द्रीय कार्यसमितिको बैठकको निर्णयबमोजिम अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर २०२५) अर्थात् मिति २०८२ मङ्सिर २४ गतेका दिन नेपाल बार एशोसिएशन जनकपुरको आतिथ्यतामा जनकपुरधाममा सम्माननीय प्रधान न्यायाधीशज्यूको प्रमुख आतिथ्यतामा अत्यन्त हर्षोल्लासकासाथ सम्पन्न भएको जानकारी गराउँदछौं ।

# क्षमता अभिबृद्धि

(तालिम, गोष्ठि, अन्तरक्रिया, सेमिनार तथा बैठक)

स्वतन्त्र, सक्षम तथा उत्तरदायि न्यायपालिका र कानून व्यवसायीहरुको हक-हित प्रबर्द्धन तथा व्यवसायीक दक्षता अभिवृद्धिका लागि नेबाए निरन्तर क्रियाशील रही आएको सर्वविदितै छ । यसै परिप्रेक्षमा निम्न बमोजिमका क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएको अवगत गराउन चाहन्छौं ।

**भर्चुयल कार्यक्रम :-**

कानून व्यवसायीहरुको हक-हित प्रबर्द्धन तथा व्यवसायीक दक्षता अभिवृद्धिका लागि नेबाए निरन्तर क्रियाशील रही सूचना प्रविधिका क्षेत्रमा भईरहेको नविनतम् अभ्यास एवम् आमूल परिवर्तनलाई समेत आत्मसात गरी निरन्तर कानूनी शिक्षाको लागि समेत एशोसिएशन दत्तचित्तका साथ लागि रहेको छ । यसै सन्दर्भमा हामीले २ वटा भर्चुयल कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका छौं । साथै, यस किसिमको कार्यक्रमलाई महिनाको दुईवटा आयोजना गर्ने निर्णय गरी कार्य प्रारम्भ भइसकेकोमा भदौ २३ गतेदेखि मुलुकमा घटेका घटनाहरुका कारण नियमितता प्रदान गर्न नसकिएको हो । अब यसलाई निरन्तरता दिइने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**सम्पन्न भएका कार्यक्रम**

| क्र.सं. | विषय | स्रोत व्यक्ति | मिति |
|---|---|---|---|
| १. | बैंकिङ कसूर तथा सजाय एन, २०६४ मा भएको संशोधन र यस प्रभावना | डा. अवतार न्यौपाने | २०८२ वैशाख २८ गते । |
| २. | उपभोक्ता अदालत यसका काम कारवाही र समिक्षा | व.अ. ज्योति बानिया | २०८२ असार २४ गते । |

राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहयोगमा देहाय बमोजिमको क्षमता अभिवृद्धि/पुनरताजगी तालिम कार्यक्रम सम्पन्न भएका छन्-

| क्र.सं. | तालिमको नाम | आयोजना मिति | लाभान्वित कानून व्यवसायीको संख्या |
|---|---|---|---|
| १. | नव प्रवेशी कानून व्यवसायीहरुका लागि क्षमता अभिबृद्धि-१ | २०८२ जेठ २५ देखि २९ | ३२ जना । |
| २. | नव प्रवेशी कानून व्यवसायीहरुका लागि क्षमता अभिबृद्धि-२ | २०८२ असार २ देखि ६ | ३२ जना । |
| ३. | कर, राजश्व लगायत विषयक प्रशिक्षण | २०८२ कार्तिक २६ देखि | ३७ जना । |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | २८ | |

**त्यसैगरी देहाय बमोजिमका कार्यक्रमहरु समेत सफलतापूर्वक सम्पन्न भइसकेको बेहोरा जानकारी गराउँदछौं । यस किसिमका कार्यक्रमले कानून व्यवसायीको क्षमता अभिवृद्धि एवम् सञ्जाल विस्तारमा समेत सहयोग गरी विषय वस्तुहरुका सम्बन्धमा प्रष्ट धारणा सार्वजनिक गर्न सहजीकरण भएको महसुस भएको छ ।**

| क्र.सं. | विषय | कार्यक्रम आयोजना मिति | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण ऐन, २०४९ लाई एकीकृत गरी तयार पारेको सङ्घ संस्था ऐन, २०८२ को मस्यौदामाथि उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम । | २०८२ भाद्र १३ गते । | होटल एभरेष्ट, नयाँ बानेश्वर, काठमाडौं । |
| २ | नेबाए महिला समिति र NNSM को संयुक्त आयोजनामा आप्रबासी कामदारको हकहित र न्यायिक भूमीका विषयका अन्तरक्रिया कार्यक्रम । | २०८२ साउन २९ गते । | अल्फाबिटा, काठमाडौं । |
| ३ | हरितालिका तीज-दर तथा शुभकामना आदान प्रदान कार्यक्रम । | २०८२ साउन ३० गते । | डीडीआई बैंक्वैट । |
| ४ | World Justice Project, Washington DC, USA का Asia Pacific Regional Director Dr. Srirak Plipat सँग नेबाएको सभा कक्षमा अन्तरक्रिया कार्यक्रम । | २०८२ साउन २९ गते । | नेबाएको सभा कक्ष । |
| ५ | नेबाएको महिला समिति र इन्सेकको संयुक्त आयोजनामा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत प्रविधिको सही प्रयोग गरौं : लैंगिक हिंसा अन्त्य गरौं भन्ने विषयमा एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न । | २०८२ मङ्सिर १६ गते । | राष्ट्रिय महिला आयोगको सभा कक्ष । |

**<u>एमिकश क्युरी (Amicus Curiae)</u> :-**

**सम्मानित सर्वोच्च अदालतबाट यस एशोसिएशनलाई विशेष किसिमका मुद्दाहरुका सम्बन्धमा अदालतको सहयोगी माग भई आएको अवस्थामा सचिवालयमार्फत एमिकश क्युरीको मनोनयन गरी सेवा प्रवाह गरिँदै आएको छ ।**

| क्र.सं. | मुद्दा | मनोनयन हुनु हुने कानून व्यवसायीज्यू |
|---|---|---|
| १. | मुद्दा नं. ०८१-WO-०७९२ - पुनरावेदक/निवेदक तुलसी राज धिताल र प्रत्यर्थी/विपक्षी अजिरकोट गाउँपालिकाका भच्चेक गोरखा गण्डकी प्रदेश समेत ... | व.अ. श्री भोजराज आचार्य ।<br>अधिवक्ता श्री डा. विष्णु बस्याल । |
| २. | मुद्दा नं. ०७६-WO-०७४३ - पुनरावेदक/निवेदक दिलिप पुतवार समेत र प्रत्यर्थी/विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुर समेत ... | व.अ.श्री महेश कुमार थापा ।<br>अधविक्ता श्री अमृत खरेल । |

**सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा यस एशोसिएनलाई प्रो-बोनो सेवाको लागि अनुरोध भई आए अनुसार प्रो-बोनो सेवा समेत प्रदान हुँदै आएको छ ।**

**<u>संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजना-२ (UNDP/A2Z Project II)</u>**

**यस परियोजना र एशोसिएशनका बीचमा सम्झौता भई प्रत्यक्ष रुपमा कानून व्यवसायीहरुलाई लाभ हुने कार्य सञ्चालन भइरहेको जानकारी गराउँदछौं ।**

नेपाल बार एशोसिएशन Nepal Bar Association

# विविध

**फैसला लेखन सम्बन्धमा :-**

जिल्ला अदालत नियमावली २०७५ को नियम ६७(४)(ङ), उच्च अदालत नियमावली २०७३ को नियम १११ को (५) बमोजिम फैसला लेखन कार्यहरु नभएकोले सबै अदालतहरुमा फैसला लेखनमा एकरुपता हुनुपर्ने देखिन्छ साथै, फैसला लेखन सम्बन्धमा सर्वोच्च अदालत नियमावली २०७४ समेत एकरुपताको व्यवस्था हुन अपरिहार्य रहेको विषयमा अदालतको ध्यानाकर्षण गराउने कार्य भएको छ । सर्वोच्च अदालत नियमावलीको २०७४ को नियम १०६(४) बमोजिमको नगद रकम अदालतको खातामा नेपाल राज्यभरीका जुनसुकै बैंकबाट पनि दाखिला गर्न सक्ने व्यवस्था गरी सेवाग्राहीलाई सहजीकरण गर्न सर्वोच्च अदालतलाई ध्यानाकर्षण गराइएको छ ।

**कार्यक्रमहरुमा सहभागिता :-**

नेपाल बार एशोसिएशनलाई विभिन्न निकाय, संघ संस्था तथा नेपाल बार एशोसिएशनसँग विशेषज्ञ सुझावको अपेक्षा राखी प्रमुख अतिथि, अतिथि र सहभागिताका लागि अनुरोध भई आएका कार्यक्रमहरुमा नेबाएको सचिवालयमा छलफल गरी विशेषज्ञताका आधारमा सहभागिता गराईदै आएको बेहोरा यस सम्मानित बैठक समक्ष जानकारी गराउँदछौं ।

नेपाल बार एशोसिएशनको आय/व्यय र दैनिक खर्चको हिसाब किताव चुस्त दुरुस्त रुपमा लेखा सम्बन्धी प्रचलित कानून अनुसार गरिदै आएको छ । नेबाएमा भए गरिएका आय/व्यय खर्च कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरिएको बेहोरा समेत जानकारी गराउँदछौं ।

**विधान संशोधन मस्यौदा समिति :-**

नेपाल बार एशोसिएशनको उद्देश्य हासिल गर्न यस एशोसिएशन आर्थिक रुपमा पनि त्यत्तिकै सवल र सक्षम हुन जरुरी छ । नेबाएको विधान २०४८ (संशोधन सहित) को दफा ७ बमोजिमको सदस्यता शुल्क बापतमा उठाईने सदस्यता शुल्क बरिष्ठ अधिवक्ताको हकमा रु. १,०००/- (एक हजार), १५ वर्ष वा सोभन्दा बढी कानून व्यवसाय गरेका सदस्यको हकमा रु. ६,००/- (छ सय) पाँच वर्षभन्दा माथि कानून व्यवसाय गरेका सदस्यको हकमा रु. ४,००/- (चार सय) र सोभन्दा कम समय कानून व्यवसाय गरेका सदस्यको हकमा रु. २,००/- (दुई सय) मध्येबाट २५ प्रतिशत रकम नेबाएको केन्द्रीय कार्यालयमा प्राप्त हुने व्यवस्था रहेको यहाँहरु समक्ष अवगत नै छ । यसरी मुख्य आन्तरिक स्रोतको रुपमा रहेको सदस्यता शुल्कबाट समेत अत्यन्त न्यून आम्दानी भएको देखिन्छ । जसको कारण संस्थालाई गतिशील बनाउन सदैव दातृ संघ संस्थाबाट हात फिजाई स्रोत जुटाई संस्था सञ्चालन गर्दा परनिर्भरतामा संस्था चल्नुपर्ने अवस्था देखिँदा संस्थाको आन्तरिक स्रोतलाई सबल, व्यवस्थित गरी आत्म निर्भरता उन्मुख गर्न हामीहरुको इच्छा नहुँदा नहुँदै पनि आवश्यकता र वाध्यताको बीचबाट यस सम्मेलन तथा गोष्ठीमा सहभागी दस्तुर राख्नु परेको बाध्यात्मक अवस्थाको रुपमा बुझिदिन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

साथै संस्थालाई आत्मनिर्भर तुल्याउन सदस्यता तथा सदस्यता नवीकरण शुल्क बृद्धि गरी एशोसिएशनको आन्तरिक आम्दानीको स्रोत बढाउनुपर्ने अवस्था देखिन्छ । यस्तै यस्तै अन्य विभिन्न व्यवस्थाहरुलाई समयानकूल परिवर्तन गरी नेबाएको विधानलाई संशोधन गर्न बान्छनीय देखि देहायबमोजिमको विधान संशोधनका लागि प्रस्ताव गर्न समिति गठन गरिएको बेहोरा यस सम्मानित बैठक समक्ष गराउँदछौं ।

नेपाल बार एशोसिएशन Nepal Bar Association

## विधान संशोधन मस्यौदा समिति

| उपाधि, नाम, थर | जिम्मेवारी |
|---|---|
| नेबाए उपाध्यक्ष अधिवक्ता श्री भूपेन्द्र खनाल | संयोजक |
| वरिष्ठ अधिवक्ता श्री राजु बस्नेत | सदस्य |
| वरिष्ठ अधिवक्ता श्री अमर थापा | सदस्य |
| वरिष्ठ अधिवक्ता श्री कपिलचन्द्र पोखरेल | सदस्य |
| वरिष्ठ अधिवक्ता श्री सतिष कुमार झा | सदस्य |
| वरिष्ठ अधिवक्ता श्री विष्णुमाया भुसाल | सदस्य |
| अधिवक्ता श्री डेकेन्द्र प्रसाद सुवेदी | सदस्य |
| अधिवक्ता श्री दीपक राई | सदस्य |
| अधिवक्ता श्री कृष्ण प्रसाद पोखरेल | सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल रावल | सदस्य |
| अधिवक्ता श्री रणबहादुर थेबे | सदस्य |
| अधिवक्ता श्री धर्मराज भुसाल | सदस्य |
| अधिवक्ता श्री डा. मुकुन्द अधिकारी | सदस्य |
| अधिवक्ता श्री रंजिता कार्की | सदस्य |
| अधिवक्ता श्री यज्ञमणि न्यौपाने | सदस्य |
| अधिवक्ता श्री दमन बहादुर चन्द | सदस्य सचिव |

**नेपाल बार एशोसिएशनको विधानलाई समयानुकूल संशोधन गर्नका लागि यहाँहरुको समेत अमूल्य सुझावको लागि यस गरिमामय बैठकबाट समेत यहाँहरुको राय, सल्लाह र सुझावको अपेक्षा राख्दै विधान संशोधनका लागि यहाँको महत्वपूर्ण भूमिकाका लागि सादर अनुरोध गदर्छौं ।**

### नेपाल बार एशोसिएशनको धारणा सार्वजनिक :-

**नेबाएद्वारा जारी धारणाहरु सचिवालयमार्फत सबैको जानकारी र पहूँचका लागि वेभ साईट, सूचना पाटीमा टाँस गरी नेबाएको आधिकारीक फेसबुक पेजमा राखी सम्पूर्ण बार एकाई र आम सञ्चार माध्यमहरुमा इमेलमार्फत पठाइने गरेको बेहोरा सवैको जानकारीको लागि अनुरोध गर्दछौं । साथै सामाजिक सञ्जालमा नेबाएको आफ्नै (नेपाल बार एशोसिएशन**/Nepal Bar Association) **नामक फेसबुक पेजमार्फत समेत सूचना प्रवाह गरिँदै आएको छ ।**

| नेबाएद्वारा जारी वक्तव्यहरू | | |
|---|---|---|
| क्र.सं. | विज्ञप्ती जारी मिति | विषय-सङ्क्षिप्त |
| १. | २०८२ वैशाख ७ गते | प्र.न्या.सँगको भेटघाटका बारेमा जानकारी । |
| २. | २०८२ वैशाख १५ गते | शिक्षक आन्दोलनका क्रममा भएको मानव अधिकार उल्लंघन सम्बन्धमा । |
| ३. | २०८२ वैशाख ३० गते | न्याय परिषद् नियमावली संशोधन र अवहेलना मुद्दाका सम्बन्धमा । |
| ४. | २०८२ वैशाख ३० गते | Statement<br>On the Recommendation by the Judicial Services Commission of Maldives । |
| ५. | २०८२ जेठ १३ गते | केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको मिति २०८२ जेठ १२ मा सम्पन्न बैठकमा नेबाएकोतर्फबाट अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजय प्रसाद मिश्रज्यूद्वारा प्रस्तुत एजेण्डा र अवधारणा सार्वजनिक । |
| ६. | २०८२ जेठ २९ गते | वीरगञ्ज उच्च अदालतमा भएको अवान्छित कार्यको विरोध । |
| ७. | २०८२ असार २४ गते | सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिका सम्बन्धमा । |
| ८. | २०८२ साउन १९ गते | न्यायपालिकाको समग्र विषयमा ध्यानाकर्षण सहितको विज्ञप्ती । |
| ९. | २०८२ साउन १६ गते | न्यायाधीश नियुक्ति र न्याय परिषद् नियमावली संशोधन सम्बन्धमा । |
| १०. | २०८२ साउन २३ गते | उच्च अदालतमा भएको नियुक्तिका सम्बन्धमा । |
| ११. | २०८२ भदौ ११ गते | राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण ऐन, २०४९ लाई एकीकृत गरी |

| | | |
|---|---|---|
| | | तयार पारेको संघ संस्था ऐन, २०८२ को मस्यौदाका सम्बन्धमा । |
| १२. | २०८२ भदौ २३ गते | जेनजी प्रदर्शनमा भएको हत्या र दमनको विरोध । |
| १३. | २०८२ भदौ २४ गते | जेनजी प्रदर्शनमा भएको हिंसाको विरोध गर्दै सरकारको राजीनामा माग एवम् निष्पक्ष छानविनको आग्रह । |
| १४. | २०८२ भदौ २५ गते | आपसी वार्ता, मेलमिलाप र सहिष्णुताका लागि अपिल । |
| १५. | २०८२ भदौ २६ गते | आपसी वार्ता, मेलमिलाप र सहिष्णुताका लागि पुनः अपिल । |
| १६. | २०८२ भदौ २७ गते | प्रतिनिधि सभा विघटनाको भत्सर्ना गर्दै संवैधानिक सर्वोच्चताको पुनर्स्थापनाको माग । |
| १७. | २०८२ असोज २१ गते | समसामयिक, नयाँ घटनाक्रमका सम्बन्धमा ८ बुँदे विज्ञप्ती । |
| १८. | २०८२ कार्तिक १९ गते | आदेशको पालना सम्बन्धमा । |

**नेपाल बार एशोसिएशनले समय-समयमा प्रकाशित गर्ने आफ्ना यस्ता धारणहरुप्रति आफ्नो अमूल्य सुझाव र सल्लाहहरु उचित विधि र प्रक्रिया अवलम्वन गरी समयमै उपलब्ध गराउने सदस्य कानून व्यावसायीहरुका सुझाव सल्लाहको नेपाल बार एशोसिएशन सदैव अपेक्षा गर्दै नेबाएको स्थापनाकालदेखि हालसम्म बारको मान, मर्यादा, ईज्जत, प्रतिष्ठा कायम राख्न विभिन्न आरोह, अवरोह पार गरी समृद्ध, सक्षम बारको परिकल्पना गर्दै यो स्थितिमा पुऱ्याउन सहयोग गर्नका लागि सम्पूर्ण कार्यसमिति परिवार, सम्पूर्ण अग्रज कानून व्यवसायी, सम्पूर्ण बार इकाईका अध्यक्ष, सचिव र सम्पूर्ण कानून व्यवसायी विद्वान, विदुषीहरु, यस बार एशोसिएशनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भएका विभिन्न तह र तप्कामा रहनु भएका सम्माननीय, माननीय, विशिष्ट व्यक्तित्वहरु, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संघ संस्थाहरु, गैरसरकारी संस्थाहरु, आमसञ्चार माध्यमका मित्रहरु लगायत नेबाए कर्मचारी एवम् सम्पूर्ण मित्रहरु, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधीवक्ताको कार्यालय, सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत, जिल्ला अदालतप्रति नेबाए हार्दिक धन्यवाद ज्ञापन गर्दै यहाँहरुको सल्लाह, सुझाव र सहयोगको अपेक्षा समेत गरिएको छ । साथै सार्वभौम कार्यकारिणी परिषद्को बैठकमा प्रस्तुत यस प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरिदिनुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।**

**समबेदना :-**

**विभिन्न बार एकाईमा आवद्ध रही नेपाल बार एशोसिएशनको उद्देश्य परिपूर्तीका लागि निरन्तर क्रियाशील रहँदै आउनु भएका सामाजिक अभियन्ता, कानून व्यवसायीहरुलाई हामीले गुमाएका छौं, उहाँहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

| कानून व्यवसायीको नाम | आवद्ध बार एकाई | कैफियत |
|---|---|---|
| अधिवक्ता सागर पौड्याल | पाटन उच्च अदालत बार | वैशाख ११, २०८२ |
| अधिवक्ता टीका जङ्ग सिंह, नेबाए पूर्व उपाध्यक्ष | नेपालगञ्ज उच्च अदालत बार | वैशाख ३०, २०८२ |
| अधिवक्ता गोविन्द भट्टराई | पाटन उच्च अदालत बार | जेठ १७, २०८२ |
| अधिवक्ता हरिश्चन्द्र राय | काठमाडौं जिल्ला अदालत बार | असार १३, २०८२ |
| अधिवक्ता यज्ञ प्रसाद शिवाकोटी | विराटनगर उच्च अदालत बार | असार २१, २०८२ |
| अधिवक्ता बैकुण्ठनाथ दाहाल | उदयपुर जिल्ला अदालत बार | असार २४, २०८२ |
| अधिवक्ता इला शर्मा | काठमाडौं जिल्ला अदालत बार | असार २८, २०८२ |
| अधिवक्ता गोपीकृष्ण थपलिया | काठमाडौं जिल्ला अदालत बार | साउन १, २०८२ |
| अधिवक्ता शिरिष पौडेल | काठमाडौं जिल्ला अदालत बार | भदौ १३, २०८२ |
| अधिवक्ता दिनेश प्रसाद गुप्ता | वीरगञ्ज उच्च अदालत बार | कार्तिक १२, २०८२ |
| अधिवक्ता देवी बहादुर डिसी | दाङ जिल्ला अदालत बार | कार्तिक १५, २०८२ |

**नेपाल बार एशोसिएशनद्वारा आयोजना हुने डिसेम्बर १० को राष्ट्रिय मानव अधिकार गोष्ठी, २०८२ र यस ५१ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकको आतिथ्यता ग्रहण गरी कार्यक्रमलाई सभ्य र भव्य रुपमा ऐतिहासिक रुपमा सफलत बनाउन अहम् भूमिका निर्वाह गरेकोमा नेपाल बार एशोसिएशन जनकपुरप्रति हार्दिक धन्यबाद व्यक्त गर्दै राष्ट्रिय मानव अधिकार गोष्ठी, २०८२ को प्रमुख आतिथ्यता ग्रहण गरीदिनु भएकोमा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यू समेतप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।**



नेपाल बार एशोसिएशन
Nepal Bar Association

**नेपाल बार एशोसिएशनको यस केन्द्रीय कार्यकारिणी परिषद्को ५१ औं बैठक समक्ष निम्न लिखित छलफलका विषयहरु प्रस्ताव गरेका छौं । प्रस्ताव गर्न छुटेका कुनै महत्वपूर्ण विषयवस्तु भएमा यहाँहरुबाट थप हुने अपेक्षा समेत लिएका छौं ।**

१. संवैधानिक बैधता प्राप्त सरकारद्वारा शासित हुन पाउने नागरिकको अधिकार बहाली गर्न आवाज उठाउने सम्बन्धमा ।

२. तत्कालिन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की (पुर्व प्रधान न्यायाधीश) संयोजक रहेको, नेपाल बार एशोसिएशन समेतको संलग्नतामा न्यायपालिकामा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् बिचौलियाबाट हुन सक्ने क्रियाकलापहरु र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपाय सहितको प्रतिवेदन र सुझावहरुको पुर्ण कार्यान्वयनका सम्बन्धमा ।

३. पेशी निर्धारण गर्दा पूर्ण स्वचालित प्रणाली (Fully Automated System) कार्यान्वयनमा ल्याउने र नव पुस्ताको माग बमोजिम सूचना प्रविधियुक्त न्यायालय सञ्चालन गर्ने सम्बन्धमा ।

४. नेपाल कानून व्यवसायी परिषद् ऐनको सामयिक संशोधन सहितको लयर्स एकेडेमी स्थापना तथा सञ्चालन सम्बन्धमा ।

५. नेपाल बार एशोसिएशनको विधानमा सदस्यता शुल्क लगायतका विषयमा समय सापेक्ष संशोधन गर्ने सम्बन्धमा ।

६. नेबाएको सभा, सम्मेलन र बैठक सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा सम्बन्धमा ।

७. नेबाएको राष्ट्रिय सम्मेलन र कार्यकारिणी परिषद्बाट जारी निर्णयहरु/घोषणाहरु कार्यान्वयनको अनुगमन गर्ने सम्बन्धमा ।

८. स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो-वोनो) सम्बन्धी निर्देशिका, २०७५ बमोजिम सेवा प्रवाह गरी सोको अभिलेख बार एकाईमा राखी नेबाए केन्द्रीय कार्यालयमा नियमित प्रतिवेदन पेश गरी अभिलेखीकरण गर्ने सम्बन्धमा ।

९. कानून व्यवसायीको पेशागत दायरा विस्तार एवम् पेशागत आचरण सम्बन्धमा ।

१०. नवोदित एवम् युवा कानून व्यवसायीको पेशागत दक्षता अभिबृद्धि एवम् पेशामा स्थापित स्थापित गर्ने सम्बन्धमा ।

११. नेबाएको क्षतिग्रस्त भवनको सबलिकरण र नयाँ भवनका लागि जग्गा प्राप्ती सम्बन्धमा ।

१२. कानून शिक्षाको सम्बन्धमा ।

१३. विविध ।

**अन्त्यमा, नेपाल बार एशोसिएशन जनकपुर परिवारप्रति विशेष धन्यबाद ब्यक्त गर्दछौं ।**

नेपाल बार एशोसिएशन
Nepal Bar Association

**वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला**
**महासचिव**

**सम्बत् २०८२ मङ्सिर २५, जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश ।**